कृषि तथा पशुपन्छी व्यवसायमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७८

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सेवाली

प्रस्तावना: समग्र कृषि तथा पशुपन्छीक्षेत्रको व्यवसायीकरण एवम् आधुनिकीकरणका लागि कृषि व्यवसायमा आवद्ध हुन चाहने वा भएका कृषक, कृषक समूह, कृषि सहकारी तथा निजी व्यवसायीहरुलाई विद्युत महशुल, कृषि कर्जाको व्याज र कृषि उत्पादन सामाग्रीकोभन्सार शुल्कमा अनुदान उपलब्ध गराई कृषि उत्पादनको लागतलाई न्युनीकरण गरी कृषि व्यवसायमा प्रदेश भित्रका कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्न बनाइएको **कृषि तथा पशुपन्छी व्यवसायमा अनुदान परिचालन कार्यविधि,२०७७** लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "कृषि तथा पशुपन्छी व्यवसायमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि अनुरुप कृषि कार्यमा प्रयोग हुने विद्युत महशुल वा कृषि सामाग्रीमा भन्सार शुल्क वा कृषि कर्जाको व्याजमा अनुदान प्राप्त गर्ने कृषि तथा पशुपन्छी र मत्स्य व्यवसायीहरुलाई जनाउँछ ।

(ख) **"अनुदान"** भन्नाले यस कार्यविधि अनुरुप विद्युत महशुल वा कृषि उत्पादन सामाग्री भन्सार शुल्क वा कृषि कर्जाको व्याजमा प्रदान गरिने सहयोग रकम सम्झनु पर्छ ।

(ग) **"कृषि व्यवसाय"** भन्नाले विभिन्न कृषि बाली वस्तु, पशुपन्छी तथा माछा उत्पादन, प्रशोधन तथा बजारीकरण क्षेत्रहरुमा श्रम एवम् पूँजी लगानी गरी सञ्चालन गरिएको व्यवसाय सम्झनु पर्छ ।

(घ) **"कृषि व्यवसायी"** भन्नाले यस कार्यविधि बमोजिम अनुदान लिन इच्छुक वा लिएका विभिन्न कृषि बाली वस्तु, पशुपन्छी तथा माछा उत्पादन, प्रशोधन एवम् बजारीकरण लगायत कृषि तथा पशुपन्छी व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

डी.किशन लाल भट
सचिव

मा.मन्त्री
लता देवी चौधरी

(ङ) "कृषि कर्जा"भन्नाले यस कार्यविधि बमोजिम कृषि व्यवसायमा बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा सम्झनु पर्छ ।

(च) "केन्द्र"भन्नाले कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(छ) "विद्युत महशुल"भन्नाले नेपाल विद्युत प्राधिकरणको मिटर जडान भई यस कार्यविधि बमोजिम कृषि व्यवसायमा विद्युत प्रयोग गरी तिरिएकोरकम सम्झनु पर्छ।

(ज) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ञ) "प्राधिकरण" भन्नाले नेपाल विद्युत प्राधिकरण सम्झनुपर्छ ।

(ट) "बैङ्क तथा वित्तीय संस्था"[1] भन्नाले यस कार्यविधि अनुसार कृषि तथा पशुपन्छी कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ । यो शब्दले कृषि ऋण प्रवाह गर्ने सहकारी संस्थाहरुलाई समेत जनाउँदछ ।

(ठ) "भन्सार शुल्क" भन्नाले कृषि उत्पादन सामाग्रीको आयातमा नेपाल सरकारले लिने शुल्क सम्झनु पर्छ ।

(ड) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ढ) "सहकारी संस्था वा समूह" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था वा कृषक समूह सम्झनु पर्छ।

परिच्छेद-२

समिति सम्बन्धी व्यवस्था

३. निर्देशक समिति : यस कार्यविधि बमोजिम विद्युत महशुल, भन्सार शुल्क तथा कृषि कर्जाको व्याजमा अनुदान कार्यक्रम सञ्चालनको लागि मन्त्रालयमा देहाय बमोजिम निर्देशक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय	- संयोजक
(ख) प्रमुख, कृषि विकास निर्देशनालय	- सदस्य
(ग) प्रमुख, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	- सदस्य
(घ) प्रमुख,पशुपन्छी तथा मत्स्य विकास महाशाखा, मन्त्रालय	- सदस्य

[1] पहिलो संशोधनबाट संशोधित ।

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

(ङ) प्रमुख,कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र,सुन्दरपुर - सदस्य

(च) प्रमुख, कार्यक्रमसँग सम्बन्धित प्रदेशस्तरीय कार्यालय - सदस्य

(छ) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा ३ जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

४. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u> निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुदानको लागि विनियोजित रकमको परिचालन सम्बन्धी अनुगमन गर्ने,

(ख) कार्यक्रमको प्रभावकारिता हेरी अनुदान रकम परिचालन/व्यवस्थापन तथा अन्य नीतिगत विषयहरुमा कुनै समस्या भएमा मन्त्रालय तथा मातहतका निकायहरुलाई आवश्यक निर्देशन, सुझावर सल्लाह दिने।

५. <u>कार्यक्रम व्यवस्थापन समिति</u> :[2]

६. <u>कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u> :[3]

७. <u>मूल्याङ्कन तथा कार्यान्वयन समिति गठन:</u> अनुदान कार्यक्रम सम्बन्धी कार्यको जिल्ला तहमा प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारको मूल्याङ्कन तथा कार्यान्वयन समिति रहनेछ ।

(क) प्रमुख, केन्द्र -संयोजक

(ख) प्रमुख वा प्रतिनिधि, संयोजक भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट भए कृषि ज्ञान केन्द्रबाट वा संयोजक कृषि ज्ञान केन्द्रबाट भए भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट -सदस्य

(ग) शाखा प्रमुख, कार्यक्रमसँग सम्बन्धित जिल्ला स्तर कार्यालय -सदस्य

(घ) प्रमुख वा प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य

(ङ) प्रमुख वा प्रतिनिधि, योजनाहेर्ने शाखा, केन्द्र -सदस्य-सचिव

८. <u>मूल्याङ्कन तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार</u>: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:-

(क) अनुदानको प्रभावकारी वितरणका लागि आमकृषकहरु समक्ष जानकारी गराउन प्रचार प्रसार गर्ने,

[2] पहिलो संशोधनबाट पूरै झिकिएको ।

[3] पहिलो संशोधनबाट पूरै झिकिएको ।

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

(ख) अनुदान कार्यक्रमलाई सहज कार्यान्वयन गर्न समुचित व्यवस्था मिलाउने,

(ग) अनुदान वितरणका क्रममा कृषकहरुका गुनासोहरुलाई यथोचित रुपमा सम्बोधन गर्न पहल गर्ने,

(घ) प्रवाह भएको अनुदानको विवरण तयार गर्ने,

(ङ) कृषकहरुको अनुदान मागको अध्ययन तथा मुल्याङ्कन गर्ने,

(च) अनुदान प्रवाह गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कागजात निर्धारण गर्ने

(ज) कार्यक्रम निर्देशक समितिको निर्णयानुसार प्राप्त निर्देशनहरु पालना गर्ने गराउने,

(झ) कार्यक्रम निर्देशक समितिले तोकेका अन्य कार्यहरु गर्ने ।[4]

परिच्छेद-३

अनुदान कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण

९. **कार्यक्रम सञ्चालन प्रक्रिया**:(१) वार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भए अनुसार केन्द्रबाट[5] अनुसूची-१ बमोजिमका क्षेत्रहरुमा अनुदान कार्यक्रम कार्यान्वयनका लागि हरेक आर्थिक वर्षको शुरुवातमा अनुसुची-२ बमोजिम निरन्तर आवेदनका लागि सूचना प्रकाशन गरिनेछ ।

(२) कार्यक्रम सहजीकरणका लागि एक जिल्ला हेर्ने गरी जिल्लास्थित केन्द्रहरुमा कृषि व्याज/विद्युत महशुल/भन्सार शुल्कमा अनुदान सहयोगी कक्ष स्थापना गरी सो सम्बन्धी कानूनी दस्तावेज, फर्मेट तथा प्रस्ताव लेखनका लागि सहयोगी सबै सामग्रीहरु उपलब्ध गराइनेछ ।

(३) अनुदान सहजीकरण सम्बन्धमा जिल्लास्थित सरोकारवालाहरु तथा कृषकहरुको उपस्थितिमा अन्तर्क्रिया, जनचेतना तथा प्रचारप्रसार लगायतका कार्यहरु सञ्चालन गरिनेछ।

परिच्छेद-४

कृषि कर्जाको व्याजमा अनुदान

१०. **कर्जा प्रवाह गर्ने संस्थाको छनौट**[6]:

११. **कार्यक्रम सञ्चालन प्रक्रिया** :(१) वार्षिक कार्यक्रममा व्यवस्था भए अनुसार कार्यक्रमबाट कृषि व्यवसाय गर्न चाहने अनुदानग्राहीहरुलाई देहाय बमोजिम सहुलियत कर्जामा व्याज अनुदान उपलव्ध गराइनेछः-

[4] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[5] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[6] पहिलो संशोधनबाट झिकिएको ।

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

क्र.सं.	अनुदानग्राहीको किसिम	अधिकतम कर्जा रकम (रु.)
(क)	कृषक, कृषि उद्यमी, उद्योग, फर्म, कम्पनी	पचासलाख रुपैयाँसम्म

(२) उपदफा (१) बमोजिमको कार्यक्रममा सहभागी हुन चाहने अनुदानग्राहीले जिल्लास्थित ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा अनुसूची-३ बमोजिमको ढाँचामा निवेदनसहित प्रस्ताव पेश गर्नु पर्नेछ।[7]

(३) उपदफा (१) बमोजिमको कार्यक्रममा सहभागी हुन चाहने अनुदानग्राहीलाई जिल्लास्थित केन्द्रमा स्थापना भएको सुलभ कर्जा सहयोगी कक्ष वा सम्पर्क व्यक्तिले सहजीकरण गर्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त प्रस्तावहरुको मूल्याङ्कन तथा कार्यान्वयन समितिले अध्ययन र आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गरी प्राविधिक रुपले उपयुक्त प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गरी सोको जानकारी अनुदानग्राहीलाई प्रदान गर्नेछ ।[8]

(५) .....[9]

(६) .....[10]

(७).....[11]

(८) .....[12]

(९).....[13]

(१०) .....[14]

१२. <u>कार्यक्रमको आर्थिक पक्ष:</u> कृषि कर्जाको सीमा, अवधि तथा व्याज अनुदान देहाय बमोजिम हुनेछ :-

क्र.सं.	कृषि तथा पशुपन्छी कर्जा (रू.)	व्याज अनुदान (कृषि तथा पशुपन्छी कर्जाको)
(क)	पचास लाखसम्म	बढीमा आठ प्रतिशतसम्म (कृषकले न्यूनतम एक प्रतिशत तिर्नुपर्ने)

(२) .....[15]

(३) .....[16]

(४).....[17]

[7] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[8] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[9] पहिलो संशोधनबाट झिकिएको ।
[10] पहिलो संशोधनबाट झिकिएको ।
[11] पहिलो संशोधनबाट झिकिएको ।
[12] पहिलो संशोधनबाट झिकिएको ।
[13] पहिलो संशोधनबाट झिकिएको ।
[14] पहिलो संशोधनबाट झिकिएको ।
[15] पहिलो संशोधनबाट झिकिएको ।
[16] पहिलो संशोधनबाट झिकिएको ।

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

(५).....[18]



१३. <u>कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदानको भुक्तानी प्रक्रिया:</u>[19] *(१) दफा (११) को उपदफा (४) बमोजिम प्रस्ताव स्वीकृतिको जानकारी प्राप्त भए पश्चात अनुदानग्राहीले आफुलाई पायक पर्ने बैंक तथा वित्तीय संस्थाबाट प्रचलित कानून तथा प्रक्रिया बमोजिम कृषि ऋण लिई सो पुष्टी हुने कागजातहरुसहित केन्द्रलाई जानकारी गराउनेछ ।*

(२) उपदफा (१) बमोजिम कर्जा लिएका अनुदानग्राहीलाई दफा (१०) को उपदफा (१) र दफा (११) को उफदफा (१) को परिधि भित्र रही व्याज अनुदान रकम, भुक्तानी हुने समय तथा भुक्तानीका लागि आवश्यक कागजातहरुको समेत ब्यहोरा उल्लेख गरी केन्द्रले अनुसुची-८ बमोजिम सम्झौता गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता गरेका अनुदानग्राहीहरुले आफुले तिर्नुपर्ने ब्याज रकम बैंक तथा वित्तीय संस्थामा तिरी सके पश्चात सोको प्रमाण सहित अनुदान रकम भुक्तानीका लागि सम्बन्धित केन्द्रमा आवश्यक कागजातसहित भुक्तानी माग गर्न निवेदन पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम भुक्तानीका लागि कागजातहरु प्राप्त भईसके पश्चात केन्द्रले सोको अध्ययन तथा ब्यवसायको स्थलगत अनुगमनसमेत गरी अनुदानग्राहीहरुको बैंक खातामार्फत ब्याज अनुदान रकमको भुक्तानी प्रदान गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुदान रकम भुक्तानी गर्दा केन्द्रले अनुदानग्राहीलाई वार्षिक रुपमा बढीमा तीन किस्तामा भुक्तानी गराउनेछ ।

१४. <u>अन्य:</u>[20] *(१) यस कार्यविधिमा उल्लेखित व्याज दर र अनुदानको प्रतिशत तथा अन्य व्यवस्था निर्देशक समितिको निर्णय अनुसार पुनरावलोकन गर्न सक्नेछ ।*

(२) अनुदानग्राहीले आफ्नो कृषि तथा पशुपन्छी व्यवसाय सुदूरपश्चिम प्रदेशका जिल्लाहरुभित्र सञ्चालन गरेको हुनुपर्नेछ ।

(३) एक अनुदानग्राही आयोजनाले बढीमा ५ वर्षसम्म मात्र नियमित रुपमा व्याज अनुदान लिन सक्नेछ ।

(४) .....[21]

(५) .....[22]

---


[17] पहिलो संशोधनबाट झिकिएको ।
[18] पहिलो संशोधनबाट झिकिएको ।
[19] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[20] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[21] पहिलो संशोधनबाट झिकिएको ।
[22] पहिलो संशोधनबाट झिकिएको ।

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

परिच्छेद-५

विद्युत महशुलमा अनुदान



१५. आवेदन संकलन तथा अनुदानग्राही छनौट:(१) इच्छुक कृषकहरुले मन्त्रालय वा मातहतका निकायबाट अनुसूची-२ बमोजिम प्रथम पटक सूचना प्रकाशन भईसके पश्चात वर्षैभरी तोकिएको फर्मेट अनुसार अनुसूची-३ बमोजिमको ढाँचामा केन्द्रमा निवेदन पेश गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भईसके पश्चात केन्द्रले प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दर्ता भइसके पश्चात केन्द्रले स्थलगत अनुगमन गरी १५ दिन भित्र आवेदन स्वीकृत वा अस्वीकृत भएको जानकारी गराउनु पर्नेछ ।

(४) केन्द्रले उपदफा (३) बमोजिम छनौट भएका अनुदानग्राहीलाई वार्षिक आवश्यकता पर्ने विद्युत युनिटको एकीन गरी अनुसूची-७ बमोजिमको ढाँचामा विद्युत अनुदान परिचयपत्र प्रदान गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम छनौट भई उपदफा (४) बमोजिम परिचयपत्र पाएका अनुदानग्राहीहरुसँग केन्द्रले अनुसूची-८ बमोजिम सम्झौता गर्नेछ ।

१६. अनुदान रकम: (१) यस कार्यविधि बमोजिम अनुदानग्राहीको रुपमा छनौट भई दर्ता भएका तथा अनुदान परिचयपत्र प्राप्त गरेका अनुदानग्राहीहरुलाई वार्षिक रुपमा एकै पटक वा दुई किस्तामा अनुदान रकम उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान प्रदान गर्दा केन्द्रले इष्टिमेट गरेको वार्षिक खपत युनिटको बील बमोजिम हुन आउने रकमको ७५ प्रतिशत वा बढीमा पचास हजार रुपैयाँ अनुदान प्रदान गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बील रकमको ७५ प्रतिशतमा नबढ्ने गरी वार्षिक पचास हजार रुपैयाँ भन्दा बढी अनुदान प्रदान गर्ने गरी सम्झौता गर्नु पर्ने अवस्थामा केन्द्रले निर्देशक[23] को सहमति लिनु पर्नेछ।

१७. भुक्तानी:(१) यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान रकम भुक्तानीका लागि अनुदानग्राही कृषकले वार्षिक वा अर्धवार्षिक रुपमा विद्युत महशुल तिरेको सक्कल बील र विद्युत अनुदान परिचयपत्र सहित केन्द्रमा निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पश्चात केन्द्रले कागजातको अध्ययन गरी आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरी उपयुक्त देखेमा अनुदानग्राहीको बैंक खातामार्फत भुक्तानी प्रदान गर्नेछ ।[24]

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

[23] पहिलो संशोधनबाट संशोधन गरिएको ।

(३) .....[25]

(४) .....[26]



१८. <u>नविकरण गराउनु पर्ने :</u>(१) यस कार्यविधि बमोजिम एक वर्ष विद्युत महशुलमा अनुदान प्राप्त गरेको अनुदानग्राहीले अर्को आर्थिक वर्षमा समेत अनुदान लिन चाहेमा परिचयपत्र नविकरण गराउनु पर्नेछ ।

(२) घरायसी तथा अन्य प्रयोजनमा रहेको विद्युत मिटरबाट नै कृषि कार्यमा समेत विद्युत प्रयोग भई वार्षिक कृषिमा खपत हुने युनिट आँकलन गर्न कठिनाई हुने देखिएमा अनुदानग्राहीले कृषि कार्यको युनिट छुट्टै देखिने गरी सब-मिटर जडान गर्नु पर्नेछ ।

परिच्छेद-६

<u>भन्सार शुल्कमा अनुदान</u>

१९. <u>आवेदन संकलन तथा अनुदानग्राही छनौट:</u>(१) इच्छुक कृषकहरुले मन्त्रालय वा मातहतका निकायबाट अनुसूची-२ प्रथम पटक सूचना प्रकाशन भईसके पश्चात वर्षैभरी अनुसूची-३ बमोजिमको ढाँचामा तोकिएको फर्मेट अनुसारको निवेदन पेश गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भइसके पश्चात केन्द्रले प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दर्ता भइसके पश्चात केन्द्रले स्थलगत अनुगमन गरी प्रस्तावित व्यवसायको सम्भाव्यता, व्यवसायिक योजना र दीगोपनको अध्ययन गरी अनुदानग्राहीको प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्नेछ ।[27]

(४) उपदफा (३) बमोजिम प्रस्ताव स्वीकृति वा अस्वीकृतिको जानकारी केन्द्रले आफ्नो तथा केन्द्रको सूचना पाटीमा सार्वजनिक सूचना टाँसी प्रकाशन गर्नेछ ।[28]

(५) उपदफा (४) बमोजिम छनौट भएका आवेदकहरुसँग केन्द्रले भन्सार अनुदान प्रदान गर्नका लागि अनुसुची-८ अनुसार सम्झौता गर्नुपर्नेछ ।[29]

(६) .....[30]

२०. <u>अनुदान रकम:</u>(१) यस कार्यविधि बमोजिम भन्सार शुल्कको ५० प्रतिशत वा बढीमा दशलाख रुपैयाँसम्म अनुदान प्रदान गर्न सकिनेछ ।

---

[24] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[25] पहिलो संशोधनबाट झिकिएको ।
[26] पहिलो संशोधनबाट झिकिएको ।
[27] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[28] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[29] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[30] पहिलो संशोधनबाट झिकिएको ।

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार शुल्कको ५० प्रतिशतमा नबढ्ने गरी दशलाख रुपैयाँ भन्दा बढी भन्सार शुल्कमा अनुदान दिनुपर्ने भएमा निर्देशक समितिको सहमति लिई अनुदान प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुदान प्राप्त गरी ल्याइएका सामान वा यन्त्र उपकरणहरु कम्तीमा ५ वर्षसम्म अन्य कार्यमा प्रयोग वा विक्री गर्न पाइने छैन ।[31]

२१. भुक्तानी:(१) अनुदानग्राहीले सम्झौता अनुसारको सामाग्री आयात तथा जडान गरी सञ्चालनमा ल्याईसके पश्चात भुक्तानीका लागि आवश्यक बील, भन्सार कार्यालयले उपलब्ध गराएका कागजातहरु, आयात गरेको तथा सम्बन्धित सप्लायर्सलाई भुक्तानी गरी सकेको प्रमाण झल्किने सम्पूर्ण कागजातहरु *केन्द्र*[32] मा पेश गरी भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पश्चात *केन्द्र*[33] ले प्राप्त कागजात र विवरण रुजु तथा आवश्यकता अनुसार स्थलगत अनुगमनसमेत गरी प्रचलित कानून बमोजिम अनुदानग्राहीको बैङ्क खातामार्फत अनुदान रकम भुक्तानी गर्नेछ ।

परिच्छेद-७

अनुगमन र समन्वय

२२. अनुगमन :(१) अनुदान प्राप्त संस्थाले गर्ने कार्यक्रमको अनुगमन मन्त्रालय, प्रदेश सरकारका अन्य मन्त्रालय तथा कार्यालय, निर्देशनालय, केन्द्र, स्थानीय तहले संयुक्त वा छुट्टाछुट्टै गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम अनुगमन गरी आवश्यक देखिएको अवस्थामा अनुदानग्राही, कार्यक्रम आयोजना प्रमुख तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई लिखित निर्देशन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको स्थलगत अनुगमन तथा निरीक्षण कार्यको प्रतिवेदन तयार गरी अभिलेख राखी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्यरहनेछ ।

परिच्छेद-८

विविध

२३. कारवाहीको व्यवस्था:(१) यस कार्यविधि बमोजिम अनुदान लिई काम नगर्ने अनुदानग्राहीलाई मन्त्रालयले अनुदान रोक्का गरी कारवाही गर्नेछ ।

[31] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[32] पहिलो संशोधनबाट संशोधन गरिएको ।
[33] पहिलो संशोधनबाट संशोधन गरिएको ।

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

(२) अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेश गरेको, उद्देश्य अनुरुप कार्य नगरेको वा अनुदानको दुरुपयोग गरेको प्रमाणित भएमा मन्त्रालयले त्यस्तो अनुदानग्राहीलाई **कालो सूचीमा समावेश गरी** अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

२४. <u>अभिलेख राख्ने व्यवस्था</u>: यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीको अनुसुची-१० बमोजिम निर्देशनालयले अभिलेख अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ ।

२५. <u>बाधा अड्काउ फुकाउने:</u>यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

२६. <u>कार्यविधि संशोधन</u>: यस कार्यविधिमा आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ।

२७. <u>बचाउ</u>: यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

अनुसूची – १

(दफा ९ को उपदफा (१) र १४ को उपदफा (१) सँग सम्बन्धित)

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

अनुदान उपलब्ध गराइने शीर्षक र क्षेत्रहरु

क्र.सं.	अनुदान शीर्षक	व्यवसाय र क्षेत्रहरु
१.	कृषि कर्जाको व्याजमा अनुदान उपलब्ध गराइने व्यवसाय तथा क्षेत्रहरू	(क) तरकारी, फलफुल, अन्न, तेलहन, दलहन, मसला बाली (अलैची, अदुवा, बेसार, दालचिनी आदि), जडीबुटी, उखु, मह, च्याउ, रेशम, पशुपन्छी, मत्स्यपालन, पुष्प, दुग्ध,मासु,अण्डा आदिको उत्पादन, संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरण । (ख) कृषि उत्पादन प्रशोधन गर्ने उद्योगहरु (ग) निर्देशक समितिले समय-समयमा थप गरेका अन्य कृषि व्यवसायहरू ।
२.	विद्युत महशुलमा अनुदान उपलब्ध गराइने व्यवसाय तथा क्षेत्रहरू	(क) कृषि कार्यका लागि प्रयोग गरिने सिंचाइ (लिफ्ट सिंचाइ, स्यालो ट्युववेल, माछा तथा पशुपन्छी फार्मका लागि पानि व्यवस्थापन आदी) (ख) शीत भण्डार, चिस्यान केन्द्र, डेरी, राइपेनिङ्ग च्याम्बर,प्रयोगशालाआदी (ग) स्थानीय उत्पादन प्रशोधन केन्द्र, बधस्थल, साना ह्याचरीआदी (घ) निर्देशक समितिले समय-समयमा थप गरेका अन्य कृषि व्यवसायहरू ।
३.	भन्सार शुल्कमा अनुदान उपलब्ध गराइने व्यवसाय तथा क्षेत्रहरू	(क) कृषि तथा पशुपन्छी उत्पादन, भण्डारण तथा प्रशोधनमा आवश्यक पुर्वाधार, निर्माण सामाग्री, मेशिनरी यन्त्र र उपकरण (ख) चिस्यानयुक्त ढुवानी साधन (ग) नवीन कृषि प्रविध परीक्षण तथा क्षेत्र विस्तारका लागि आवश्यक सामाग्रीहरु (घ) निर्देशक समितिले समय-समयमा थप गरेका अन्य कृषि व्यवसायहरू ।

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

अनुसूची-२

(दफा ९ को उपदफा (१), दफा १५ को उपदफा (१) र दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

.....अनुदान कार्यक्रम सम्बन्धी सूचना

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
कृषि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सिंहदरबार, सैनाली

सूचना ! सूचना!! सूचना !!!

.....कार्यालयको आ.व..... को वार्षिक स्वीकृत कार्यक्रमअनुसार .....अनुदान कार्यक्रम प्रारम्भ भएकोले सुदूरपश्चिम प्रदेश भित्रका कृषक, फार्म, कम्पनी, संस्था तथा समूह/सहकारीबाट व्यवसायिक कृषिका लागि "कृषि तथा पशुपन्छीव्यवसायमा अनुदान परिचालन कार्यविधि, २०७७" बमोजिम कार्यक्रममा सहभागी हुन सूचना आव्हान गरिएको छ।

मा.मन्त्री
बिनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

..... कार्यालय,

फोन नं.

ईमेल

वेभसाईट



अनुसूची-३[34]

(दफा ११ को उपदफा (२),दफा १५ को उपदफा (१) र दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

आवेदन फारम

श्री..... केन्द्र

..... ।

विषय :.....अनुदानको लागि प्रस्ताव पेश गरिएको बारे।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ../...../.... गते प्रकाशित सूचना अनुसार ....अनुदान प्राप्त गर्ने प्रयोजनको लागि तोकिए बमोजिमका कागजातहरु यसैसाथ साथ संलग्न राखी यो निवेदन पेश गर्दछु।

निवेदकको

नामः .....

दस्तखतः .....

ठेगानाः .....

फोन नं. .....

संस्थाको छापः .....

मा.मन्त्री
विनिता देवी चौधरी

मा.मन्त्री
सचिव

[34] पहिलो संशोधनबाट संशोधन गरिएको ।

अनुसूची-४

..... झिकिएको ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भौतिक पूर्वाधार, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

अनुसूची-५

..... झिकिएको ।



मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भण्ड
सचिव

अनुसूची-६

..... झिकिएको ।



मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

अनुसूची-७

(दफा १५ को उपदफा (४) सँग सम्बन्धित)

विद्युत अनुदान परिचयपत्रको ढाँचा

विद्युत अनुदान परिचय पत्र

कृषकको फोटो

कृषकको नाम:
ठेगाना:
विद्युत अनुदान प्राप्त गरेको कृषि व्यवसाय:
मोबाइल नम्बर:
बैङ्क खाताको विवरण:
बैङ्कको नाम र शाखा
खाता नम्बर
परिचय पत्रको: कार्यालयको छाप
जारी मिति:
जारी गर्ने अधिकारीको नाम पद:
दस्तखत:

सम्झौता प्रयोजन				भुक्तानी प्रयोजन				
मिति		अनुमानित खपत युनिट	कर्मचारीको सही	भुक्तानी माग मिति	खुद खपत युनिट	जम्मा महशुल रु.	जम्मा अनुदान रु.	अनुदान प्रदान गर्ने कार्यालय प्रमुखको सही र छाप
देखि	सम्म							

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

अनुसूची-८[35]

(दफा १३ को उपदफा (२), दफा १५ को उपदफा (५) र दफा १९ को उपदफा (५) सँग सम्बन्धित)

..... अनुदान प्रदान गर्न गरिने सम्झौता पत्रको ढाँचा

.....केन्द्र,..... र.....बीच ..... अनुदान प्रदान गर्नका लागि भएको

सम्झौता पत्र

१. यो सम्झौता पत्र .....(यस पछि यस लिखतमा प्रथम पक्ष भनिने) र .....(यस पछि यस लिखतमा दोस्रो पक्ष भनिने) बीच..... मा अनुदान प्रदान गर्ने प्रयोजनका लागि प्रयोग गरिनेछ ।

२. यो सम्झौता, सम्झौता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

३. प्रथम पक्षले यस सम्झौता अनुसारको अनुदान तपसिलको कार्यमा मात्र उपयोग गर्नुपर्नेछ ।

क.

ख.

ग.

४. यस सम्झौता बमोजिमको कार्यक्रम सञ्चालन गर्दा अन्य कुरा देहाय बमोजिम हुनेछ ।

क.

ख.

ग.

५. प्रथम पक्षले आफ्नै श्रोत बाहेक अन्य कुनै सरकारी वा गैर सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदी प्राप्त गरेको भए स्पष्ट रुपमा दोस्रो पक्षलाई जानकारी गराउनु पर्नेछ ।

६. यस सम्झौता अनुसार देहाय बमोजिम अनुदान रकम उपलब्ध गराईनेछ :-

क. जम्मा अनुदान रकम रु.

ख. अनुदान भुक्तानी गरिने समय

ग. ....

घ. ....

७. यस सम्झौता अनुसारको कार्य सम्पन्न गरीसके पछि कार्यालयले प्रथम अनुदानग्राहीको बैङ्क खातामार्फत अनुदान रकम उपलब्ध गराउनेछ ।

८. यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन कानून अनुसार हुनेछ ।

.....
प्रथम पक्षका तर्फबाट
नाम:
हस्ताक्षर:

.....
दोस्रो पक्षका तर्फबाट
नाम:
हस्ताक्षर:

[35] पहिलो संशोधनबाट संशोधन गरिएको ।

मा.मन्त्री
विनिता देवी चौधरी

डा.[illegible]
सचिव

अनुसूची -९

..... झिकिएको ।




मा.मन्त्री
विनिता देवी चौधरी


डा.किसन लाल भट्ट
सचिव

अनुसुची-१०

(दफा २४ सँग सम्बन्धित)

अनुदानग्राहीको अभिलेखको ढाँचा

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

आ.व.:

कार्यक्रमको नाम:

क्र.सं.	अनुदानग्राही कृषक/कृषक संस्थाको नाम	ठेगाना	फोन नं.	कार्यक्रमको जम्मा लागत रु.	अनुदान रकम रु.	कार्यक्रमबाट लाभान्वित कृषक संख्या					
						पु.	म.	दलित	आ.ज	अन्य	जम्मा

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल [illegible]
सचिव